नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

## परियोजना व्यवस्थापन इकाई, खुमलटार, ललितपुर

# कृषि स्नातक (इन्टर्न) खटाउने कार्यक्रमका लागि आशयपत्र पेश गर्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति: २०७७/०७/२३)**

यस परियोजनाको चालु आ. व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रममा कृषि स्नातक (इन्टर्न) खटाउने प्रयोजनार्थ अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकाले आवश्यक कृषि स्नातक (इन्टर्न) हरु परिचालनका लागि स्नातक तहको Course Curriculum मा इन्टर्नको व्यवस्था भएका नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालय/अध्ययन संस्थान/कलेजहरुबाट कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४ बमोजिम निम्नानुसारका कागजातसहित सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र आशयपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

- आशय पत्र पेश सम्बन्धी निवेदन
- संस्थाको विस्तृत विवरण
- कृषि स्नातक पाठ्यक्रम
- सल्लाहकार समिति, अभिमुखीकरण गोष्ठी, कार्यमुलक अनुसन्धान (Action Research), कृषि मैत्री प्रविधिको संगालो (Package of Practice) को सन्दर्भमा विस्तृत लागत अनुमान खुल्ने गरी कार्य ढाँचा पेश भएको हुनुपर्ने,
- यस आ.व. मा उपलब्ध हुने कृषि स्नातक इन्टर्नको संख्या र लागत,
- अन्य सम्बन्धित आवश्यक कागजात थप गर्न सकिनेछ ।

१. कृषि स्नातक (इन्टर्न) को विस्तृत कार्यविवरण (Terms of References) एवं अन्य जानकारीको लागि परियोजना व्यवस्थापन इकाई खुमलटार, ललितपुरको वेवसाईटमा रहेको कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४ बाट हेर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिन दिनको १२:०० वजे भित्र यस परियोजनामा आशयपत्र दर्ता गर्न सकिनेछ । उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएको समयभित्र दर्ता गर्न सकिनेछ ।

३. कृषि इन्टर्न परिचालन सम्वन्धमा यस परियोजनाको दस्तावेज, कृषि इन्टर्न परिचालन कार्यविधि, २०७४ र प्रचलित कानुन बमोजिम हुनेछ । थप जानकारीको लागि परियोजना व्यवस्थापन इकाईमा सम्पर्क गर्न सकिनेछ ।


**सम्पर्क:**

**परियोजना व्यवस्थापन इकाई, खुमलटार, ललितपुर, नेपाल**

**फोन नं. ०१-५५२०३४६**

**ई-मेल: pmamp.pmu@gmail.com**

**वेबसाइट: pmamp.gov.np**